# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।२४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

----------------------------------------------

श्री जनज्योति निम्न माध्यमिक विद्यालय, बोङ्गादोभान, बाग्लुङमा प्राथमिक तह तृतीय श्रेणीको अस्थायी शिक्षक पदमा कार्यरत खममाया बुढाले सेवा प्रवेश गर्दा नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी जागिर खाएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश, भारतबाट हाईस्कुल तह उत्तीर्ण गरेको भनिएको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उल्लिखित पदमा नियुक्ति लिइ लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता